परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily
राष्ट्रिय दैनिक




वर्ष : ४ अंक : १२१ पृष्ठ ४ २०८२ फागुन ०८ गते, शुक्रबार 20 February, 2025 मूल्य रु. ५/-

हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।

## ‘मिथिला माध्यमिकी परिक्रमा’ को भव्य स्वागत



● टक नेपाल

मिथिलाञ्चलको महाकुम्भका रूपमा परिचित ऐतिहासिक तथा धार्मिक पदयात्रा ‘मिथिला माध्यमिकी परिक्रमा’ बिहीबार महोत्तरीको मटिहानी आइपुगेको छ।

१५ दिने परिक्रमा मङ्गलबार भारतको  कल्याणेश्वरबाट यात्रा प्रारम्भ गरिएको थियो।

बुधबार गिरिजास्थान हुँदै यात्रा मटिहानी पुगेको छ। मिथिलाको पौराणिक, ऐतिहासिक तथा धार्मिक आस्थासँग गाँसिएको यस परिक्रमा संसारकै लामो धार्मिक पदयात्रामध्ये एक मानिन्छ। परिक्रमामा ‘ किशोरीजी मिथिला बिहारी’को डोला प्रमुख आकर्षण र केन्द्रबिन्दुका रूपमा लिइन्छ।

मटिहानी नगरपालिका क्षेत्रमा डोला आगमनसँगै नगर प्रमुख हरिप्रसाद मण्डल तथा महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवलगायत स्थानीय जनप्रतिनिधि र श्रद्धालुहरूले बाजागाजासहित भव्य स्वागत गरेका थिए। डोलाको पूजा-अर्चना गर्दै धार्मिक श्रद्धा व्यक्त गरिएको थियो।

परिक्रमा टोली आज राति मटिहानीमै विश्राम गरी भोलि बिहान जलेश्वरतर्फ प्रस्थान गर्ने कार्यक्रम रहेको किशोरीजी डोलाका महन्त नवल किशोर दासले बताए।

## सर्लाहीमा गोली लागेर एक बालक घाइते

मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले लोकतान्त्रिक मूल्य-मान्यता, विधिको शासन र पारदर्शितालाई सुदृढ बनाउँदै समृद्ध मधेश तथा समुन्नत नेपाल निर्माणमा एकजुट हुन आह्वान गर्नुभएको छ।

राष्ट्रिय प्रजातन्त्र दिवसका अवसरमा बिहीबार शुभकामना सन्देश जारी गर्दै मुख्यमन्त्री यादवले नेपाली जनताको बलिदानी सङ्घर्ष, त्याग र समर्पणबाट प्राप्त प्रजातन्त्रको ऐतिहासिक महत्त्व स्मरण गर्नुभएको हो । प्रजातन्त्र स्थापनाका क्रममा आफ्नो अमूल्य जीवन अर्पण गर्ने ज्ञात-अज्ञात शहीदप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै उहाँले शहीद परिवारप्रति उच्च सम्मान व्यक्त गर्नुभएको छ।

सन्देशमा मुख्यमन्त्री यादवले प्रजातन्त्रलाई जनताको अधिकार, स्वतन्त्रता, समानता र सहभागिताको आधारका रूपमा व्याख्या गर्नुभएको छ । संविधानले परिकल्पना गरेको सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई सबल र प्रभावकारी बनाउन सबै पक्षको प्रतिबद्धता आवश्यक रहेको उहाँले उल्लेख गर्नुभयो।

मधेश प्रदेश सरकार सुशासन, सामाजिक न्याय, समावेशी विकास र आर्थिक समृद्धिको लक्ष्यसहित अघि बढिरहेको जनाउँदै उहाँले शिक्षा, स्वास्थ्य, पूर्वाधार, कृषि तथा रोजगारीका क्षेत्रमा गरिएका पहलमार्फत प्रजातन्त्रको प्रतिफल जनतासम्म पुऱ्याउने दृढता व्यक्त गर्नुभयो।

यस ऐतिहासिक अवसरले विगतका सङ्घर्षहरूको स्मरण गराउँदै वर्तमानमा उत्तरदायी र भविष्यप्रति आशावादी बन्न प्रेरणा दिने विश्वास व्यक्त गर्दै मुख्यमन्त्री यादवले लोकतान्त्रिक प्रणालीलाई व्यवहारमा प्रभावकारी बनाउन सबैको सहकार्य अपरिहार्य रहेको बताउनुभयो।




### इस्लाम धर्मावलम्बीको

## रमजान पर्व सुरू, एक महिनासम्म के-के गरिन्छ ?

● टक नेपाल

मुस्लिम समुदायको रमजान पर्व सुरू भएको छ। अघिल्लो दिन रातिदेखि भोलिपल्ट बिहान सूर्योदय भन्दा पहिले सेहरी (रातिको खाना) खाएर इस्लाम धर्मावलम्बीहरूले रमजानको व्रत बस्छन् । यो पर्वमा एक महिनासम्म रोजा अर्थात् व्रत बस्ने गरिन्छ ।

रमदान पनि भनिने रमजान इस्लामिक महिनाको नाम हो। उर्दू, अरबी, फारसी सबैको इस्लामी क्यालेन्डर अनुसार यो नवौं महिना हो ।

धर्मिक मान्यता अनुसार यो महिनामा मुस्लिम समुदायको धार्मिक ग्रन्थ कुरान अवतरण भएको मानिन्छ । यही कुरानमा गरिएको छ- रोजाको चर्चा । यो महिनामा धार्मिक ग्रन्थ कुरान वाचन गर्नु पुण्यको काम मानिन्छ । रमजान अवधिमा पाँच पटकको नमाजका साथै एउटा विशेष नमाज पढिन्छ। जसलाई ‘तरावीह’ को नमाज भनिन्छ।

कुरानमा यो पर्वमा मुस्लिम समुदायले एक महिना व्रत बस्नुपर्ने उल्लेख छ । अल्लाह (भगवान) ले नै एक महिना व्रत बस्न हुकुम (आदेश) दिएको विश्वास गरिन्छ । अल्लाहले कुरान मार्फत एक महिना व्रत बस्ने आदेश दिएको धार्मिक अगुवाहरु बताउँछन् । यो आदेश कुरानको सुरा-ए-बक्रराहको आयात नम्बर १८५ मा दिइएको छ। त्यही कारण रमजान पर्वमा एक महिना व्रत बस्ने गरेको बताइन्छ।

धर्मिक जानकारहरूका अनुसार रोजा फारसी शब्द हो, जसलाई नेपालीमा उपवास भनिन्छ । अरबीमा उपवासलाई भने माह-ए-सियाम भनिन्छ । रमजानको महिना कहिले २९ दिन त कहिले ३० दिनको हुन्छ। नेपाल र भारतका मुस्लिम समुदायमा फारसी प्रभाव बढी परेकाले उपवासको फारसी शब्द रोजा नै बढी प्रयोग हुने गर्छ। मुस्लिम समुदायको रमजान महिनामा रोजा बस्नु (फर्ज) कर्तव्य मानिन्छ। रमजान इस्लाम धर्मको पाँच पिल्लरमध्ये एक हो। यसको पाँच पिल्लरमा कल्मा (श्लोक), नमाज, रोजा, जकात र हज पर्छन्। जसमध्ये एक रोजा हो। अर्थात् गर्नैपर्ने काम हो यो। यो व्रत बस्दा मरेपछि जन्नत (स्वर्ग) मा जान पाइने मान्यता छ। अर्को शारीरिक रूपमा पनि रोजाका फाइदा छन् । मुख्यतः व्रत बस्दा कुलत बानी छुट्ने गर्छ। जाँड-रक्सी, चोरी, चुरोट, सुर्ती जस्ता पदार्थ सेवन गर्नु रोजामा वर्जित गरिएको हुन्छ, जसले स्वास्थ्यलाई फाइदा पुऱ्याउँछ।

मौलानाहरुका अनुसार गलत कामबाट बचाउने माध्यमको रुपमा यसलाई लिइन्छ। उनीहरु भन्छन्, ‘किनकि एक महिना व्रत बस्दा सबै खराब बानी त्याग्नुपर्छ, मन शुद्ध हुन्छ । जसले गर्दा राम्रो काम गर्ने बानी नै बस्छ । अनि पछि गएर मान्छे कुलत बानी हटछ ।’ रमदान महिनाको मुख्य उद्देश्य भनेको निराहार व्रत राखी सधैं अनुशासित ढंगबाट जीवन बिताउनु रहेको मौलानाहरूको भनाइ छ।

**चन्द्रमा किन हेरिन्छ ?**

मुस्लिम समुदायले चाँद अर्थात् चन्द्रमा हेरेर यो पर्वको व्रत बस्न थाल्छन् । इस्लामिक महिना चन्द्रमा देखेपछि सुरू हुने भएकाले समयको गति नाप्ने माध्यम यसलाई मानिन्छ।

महिनाको समापन पनि चन्द्रमाकै गति हेरेर गरिन्छ। त्यही भएर रमजान महिना सुरू भयो भनेर जान्न चन्द्रमा हेरिन्छ, यही देखेर यो पर्वको सुरुवात पनि हुन्छ। महिनाको समाप्ति पनि अन्त्यमा चन्द्रमामा हेरेर नै हुने भएकाले ३० औं दिनमा चन्द्रमा पुनः हेरिन्छ। महिना समापन भएको भेउ पाउन चन्द्रमा देखिने गरिएको बताइन्छ। मुख्यतः यही कारणले चन्द्रमा हेर्ने गरेको धर्मका जानकारहरु बताउँछन् ।

बाकी पृष्ठ २.....

पत्रिकाका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

### एजेन्डाविहीन चुनाव र भीडतन्त्रको खतरा

नेपाली राजनीति अहिले गम्भीर संक्रमणको मोडमा उभिएको छ । प्रतिनिधिसभा विघटनपछि मुलुक निर्वाचनतर्फ अघि बढिरहँदा एजेन्डा र नीतिको बहस ओझेलमा परेको छ । सामाजिक सञ्जालको एल्गोरिदमले तर्कभन्दा आवेग र तथ्यभन्दा ट्रेन्डिङ भाषालाई अगाडि सारेको छ । गाली, उत्तेजना र भीडको समर्थनलाई राजनीतिक पूँजी ठान्ने प्रवृत्ति बढ्दो छ।

नयाँ भनिने शक्तिहरूले पुरानालाई ध्वस्त पार्ने नारा त दिएका छन्, तर देश कसरी बनाउने भन्ने स्पष्ट मार्गचित्र प्रस्तुत गर्न सकेका छैनन् । सुशासन, आर्थिक सुधार, कृषि, शिक्षा, स्वास्थ्य, परराष्ट्र नीति जस्ता गम्भीर विषयमा ठोस योजना सार्वजनिक हुनु आवश्यक छ । लोकतन्त्रमा नेतृत्व अभिनय होइन, उत्तरदायित्व हो; भीड होइन, विधि हो ।

विगतका दलहरूले गरेका कमजोरीका कारण असन्तोष चुलिएको सत्य हो । तर, सबै उपलब्धिलाई शून्य घोषणा गरेर अराजकता स्वीकार गर्नु समाधान होइन । प्रश्न गर्ने संस्कृति कमजोर हुँदै जाँदा लोकतन्त्र पनि कमजोर हुन्छ ।

यो निर्वाचन केवल अनुहार रोज्ने क्षण होइन, नीति र चरित्र जाँच्ने अवसर हो । मतदाताले आवेग होइन, विवेक प्रयोग गर्नुपर्छ । नत्र 'नयाँ'को नाममा झन् खतरनाक राजनीतिक संस्कृतिको स्थापना हुने जोखिम बढ्नेछ ।

# समृद्ध मधेश निर्माणमा एकजुट हुन मुख्यमन्त्री यादवको आह्वान

• टक नेपाल

मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले लोकतान्त्रिक मूल्य-मान्यता, विधिको शासन र पारदर्शितालाई सुदृढ बनाउँदै समृद्ध मधेश तथा समुन्नत नेपाल निर्माणमा एकजुट हुन आह्वान गर्नुभएको छ।

राष्ट्रिय प्रजातन्त्र दिवसका अवसरमा बिहीबार शुभकामना सन्देश जारी गर्दै मुख्यमन्त्री यादवले नेपाली जनताको बलिदानी सङ्घर्ष, त्याग र समर्पणबाट प्राप्त प्रजातन्त्रको ऐतिहासिक महत्त्व स्मरण गर्नुभएको हो । प्रजातन्त्र स्थापनाका क्रममा आफ्नो अमूल्य जीवन अर्पण गर्ने ज्ञात-अज्ञात शहीदप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै उहाँले शहीद परिवारप्रति उच्च सम्मान व्यक्त गर्नुभएको छ।



सन्देशमा मुख्यमन्त्री यादवले प्रजातन्त्रलाई जनताको अधिकार, स्वतन्त्रता, समानता र सहभागिताको आधारका रूपमा व्याख्या गर्नुभएको छ। संविधानले परिकल्पना गरेको सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई सबल र प्रभावकारी बनाउन सबै पक्षको प्रतिबद्धता आवश्यक रहेको उहाँले उल्लेख गर्नुभयो।

मधेश प्रदेश सरकार सुशासन, सामाजिक न्याय, समावेशी विकास र आर्थिक समृद्धिको लक्ष्यसहित अघि बढिरहेको जनाउँदै उहाँले शिक्षा, स्वास्थ्य, पूर्वाधार, कृषि तथा रोजगारीका क्षेत्रमा गरिएका पहलमार्फत प्रजातन्त्रको प्रतिफल जनतासम्म पुऱ्याउने दृढता व्यक्त गर्नुभयो।

यस ऐतिहासिक अवसरले विगतका सङ्घर्षहरूको स्मरण गराउँदै वर्तमानमा उत्तरदायी र भविष्यप्रति आशावादी बन्न प्रेरणा दिने विश्वास व्यक्त गर्दै मुख्यमन्त्री यादवले लोकतान्त्रिक प्रणालीलाई व्यवहारमा प्रभावकारी बनाउन सबैको सहकार्य अपरिहार्य रहेको बताउनुभयो।

# इस्लाम धर्मावलम्बीको रमजान पर्व....................

रोजा क-कसले गर्ने ?

धर्मको नियमानुसार बालिग व्यक्तिलाई रोजा बस्न अनिवार्य गरिएको छ। यसबारे धार्मिक ग्रन्थमा भनिएको छ, 'बालिग अर्थात् स्वप्नदोष र रजस्वला भइसकेकालाई मान्नुपर्छ। यो भइसकेका मुस्लिम बालबालिकाहरुलाई रोजा बस्नु अनिवार्य हो। तर नाबालकलाई भने छुट दिइएको छ।

यसैगरी रोगी, सिकिस्त बिरामी, गर्भवती र रजस्वला भएका महिलालाई त्यो पाँच दिनसम्म भने छुट दिइएको छ। यसैगरी यात्रा गर्दा बिरामी भएको अवस्थामा पनि रोजा बस्न अनिवार्य गरिएको छैन। तर यीमध्ये कुनै एक कारणवश व्रत बिचमा ब्रेक भयो भने पछि आफूलाई पायक हुने महिनामा त्यसको साटो व्रत बसेर सट्टा भर्ना गर्ने नियम छ।

रमजान महिनालाई मुस्लिम समुदायमा पवित्र महिना मानिन्छ। यो महिनामा सबैले अल्लाहको विशेष प्रार्थना गर्ने गर्छन्। रमजान अवधिभर बढी भन्दा बढी समय खचे 'र अधिकांशले कुरान र दिनमा पाँचपटक नमाज पढ्ने गर्छन् । अन्य महिना भन्दा रमजानमा ७० गुणा बढी सबाब (पुण्य) पाइने धार्मिक मान्यता छ। त्यसैले सबैको ध्यान बढी पुण्य कमाउनेतर्फ केन्द्रित रहन्छ।

व्रत बस्दा नमाज वाचनले बलियो बनाउने विश्वास गरिन्छ। रोजा अवधिभरि नै व्रत बस्नेहरु शुद्ध रहनुपर्ने कडा नियम छ। व्रत बस्नेहरु यो अवधिमा अश्लील गफ मात्रै नभई नाचगान सहित कुनैपनि मनोरञ्जनात्मक क्रियाकलापमा सहभागी हुन नपाइने कडा नियम छ।

मुस्लिम समुदायमा यो महिनालाई दानपुण्य गर्ने महिनाको रुपमा लिने मान्यता छ । यो महिनामा अरूलाई सहयोग गरे त्यसको ७० गुणा बढी पुण्य पाइने धार्मिक मान्यता छ। रमजान महिनामा मुस्लिम समुदायले एक रुपैयाँ खर्च गऱ्यो भने उसले ७० रुपैयाँ खर्च गरे सरहको फल पाउने विश्वास छ।

त्यसैकारण आफ्नो क्षमता अनुसार सबैले रोजाको समयमा दीनदुःखीलाई खाना खुवाउने, लत्ताकपडा दिने, तथा आर्थिक सहयोग गर्ने गर्छन् । यो महिनामा अझ रोजादार (व्रतालु )लाई इफ्तार गराए गुनाह (पाप) बाट छुट्कारा पाउने धार्मिक विश्वास छ । यसैगरी रमदानमा जकात, सदका, फित्रा भनेर केही रकम निकाल्ने धार्मिक नियम छ । वर्षभर आफूले कमाएको सम्पत्तिबाट अढाई प्रतिशत रकम निकाल्नुपर्ने धार्मिक ग्रन्थमा भनिएको छ । रमजानको अन्तिम दिन इदुल-फित्रको नमाज पढेर यसको समापन गरिन्छ, जसलाई चलनचल्तीको भाषामा इद भनिन्छ ।






# रघुवीर–महेन्द्र तेस्रो सङ्ग्राम : पार्टी र सत्ता मनोविज्ञानको परीक्षण

● टक नेपाल

धनुषा-४ को मैदानमा २१ फागुनको घडी नजिकिँदै जाँदा जनकपुरका राजनीतिक बहसमा तिनै उम्मेदवारको बढ्ता चर्चा छ, जो निरन्तर तेस्रो पटक आमने-सामने छन् ।

हुन त, यो प्रतिस्पर्धामा अहिले रास्वपाका राजकिशोर महतो, नेकपाका सञ्जयकुमार महतोदेखि राप्रपाका रामबाबु साह हलुवाइ, जसपा नेपालका कृष्णचन्द्रप्रसाद साह, जनमत पार्टीका इन्द्रजितकुमार यादवदेखि आम जनता पार्टीका सम्पत महतो कोइरीसहित ३७ उम्मेदवार छन् ।

उनीहरू पनि यो क्षेत्रमा जरा गाडेर बसेका महासेठ र यादवको किल्ला भत्काउन सङ्घर्षरत छन् ।

रघुवीर र महेन्द्र दुवै आ-आफ्ना पार्टीका मधेशका पिलर हुन्। पार्टी भित्रको प्रभाव र पहुँचले पनि उनीहरूको राजनीतिक धरातल मजबुत बन्दै आएको हो ।




एमालेका महासेठ अध्यक्ष केपी शर्मा ओलीका विश्वासपात्र हुन्। त्यसैले ओली अध्यक्षका लागि पार्टीमा भिडेका तीनवटै महाधिवेशनमा उनी पदाधिकारीका लागि आकांक्षी थिए । नवौं महाधिवेशनमा सचिव हारे। दशौंमा जिते। जेनजी आन्दोलनपछि गत मङ्सिरमा भएको ११औं महाधिवेशनबाट उनी ओलीकै समूहबाट उपमहासचिव बने ।

यता, कांग्रेसका यादव पूर्वसभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाका विश्वासपात्र हुन् । देउवा राजनीतिक शक्तिमा रहँदा यादवले उनीनिकट भएर आफ्नो राजनीतिक प्रभाव विस्तार गरे ।

तरुण दलको अध्यक्ष भइसकेको पृष्ठभूमि त छँदै थियो, कांग्रेसको १४औं महाधिवेशनबाट उनी सहमहामन्त्री पनि बने ।

तर, गत पुसको अन्तिम साता कांग्रेसको विशेष महाधिवेशनबाट गगन थापाको उदय भएपछि देउवा समूह रक्षात्मक अवस्थामा छ ।

महाधिवेशनबाट थापाको विजयमाथि प्रश्न उठाउँदै देउवा समूहले अदालतमा मुद्दा-मामिला गरिरहेका बेला यादव जस्ता नेताहरू धनुषामा भने गगनको प्रशंसा गरिरहेका छन् ।

पार्टीभित्र थापालाई स्वीकारिसकेकाले अब यहाँ कुनै समस्या नरहेको उनी बताउँछन् । चुनावी प्रचार अभियानका बीचमा अनलाइनखबरसँगको अन्तर्वार्तामा उनले भने, ‘ गगन थापाको नेतृत्वमा अब कांग्रेसले बहुमत ल्याउँछ ।’

कांग्रेस बदलिएको सन्देश लिएर उनी यस पटक जित निकाल्ने विश्वासमा छन् । तर उनीसँग लगातार रघुवीर महासेठसँग दुई हार बेहोरेको मनोवैज्ञानिक त्रास छ ।

करिब एक लाख २८ हजार मतदाता रहेको धनुषा-४ मा २०७९ सालको प्रतिनिधिसभा निर्वाचनमा ६८ प्रतिशत मत खसेको थियो ।

महासेठले प्रतिस्पर्धी यादवलाई १२४ भोटको झिने अन्तरमा पराजित गरेका थिए। महासेठ र यादव दुवैले डेढ सयभन्दा कमको फरकमा ३२ हजारभन्दा बढी मत पाएका थिए ।

‘संघीयतामा स्पष्ट छौं, रेस्टुरेन्ट लगेर मुख्यमन्त्री बनाउने संरचना बदल्नुपर्छ’त्यतिबेला तेस्रो स्थानमा रहेका जनता समाजवादी पार्टीका महाजन यादवले ५ हजार २०० मत पाएका थिए, जुन अरू दुईको तुलनामा खासै उल्लेख्य मत थिएन। समानुपातिकमा पनि एमाले र कांग्रेसले दुई हजारको फरकमा २५ देखि २७ हजार मत पाएका थिए ।

गत चुनावको झिनो मतान्तरलाई अहिले तोड्न सकिने विश्वासमा यादव छन्। त्यसैले उनी यहाँ ठूला राजनीतिक मुद्दाका कुरा गरिरहेका छैनन् ।

धनुषा-४ मा लगातार सांसद भइरहेका महासेठले क्षेत्रमा केही गर्न नसकेको उनको भनाइ छ । ‘आठ वर्षमा अरू धेरै काम गर्न सकिन्थ्यो तर यहाँका निर्वाचित सांसदले केही गर्न सकेका छैनन्,’ उनी भन्छन् ।राष्ट्रियस्तरका नेता यादव यहाँ अहिलेका राष्ट्रिय एजेन्डाहरूमाथि कुरा गर्न रुचाउँदैनन्। क्षेत्रमा यो वा त्यो नभएको भन्दै पुराना प्रतिस्पर्धीका कमजोरी मात्रै केलाइरहेका छन् ।

यता, लगातारको जित निकाल्दै आएका रघुवीरको अवस्था भने फरक छ । आफू पटक-पटक सांसद र मन्त्री हुँदा यहाँका बाटो लगायतका भौतिक पूर्वाधारमा अकल्पनीय विकास गराएको दाबी गर्छन्। त्यही कारण आफूलाई पटक-पटक यहाँका जनताले विश्वास गरेको उनको दाबी छ ।‘यहाँ जति पनि विकास निर्माणका काम भएका छन्, यी सबै मैले ल्याएको हो। अहिले हरेक गाउँ छिर्दा विकास पाउनुहुन्छ,’ उनले अनलाइनखबरसँगको अन्तर्वार्तामा भने ।भौतिक पूर्वाधार विकासको फेहरिस्त उनले सुनाइरहँदा यही क्षेत्रका ग्रामीण बस्तीका गरिब नागरिकहरूले न्यूनतम सुविधा नपाइरहेको तथ्य पनि देखिन्छ। सामाजिक विकासमा उनीहरू पछि परेका छन् ।

महासेठका लागि धनुषामा यो छैटौं प्रतिस्पर्धा हो । २०६४ सालको संविधानसभा चुनावमा उनी धनुषा-४ बाट प्रतिस्पर्धामा उत्रेका थिए । तर मधेशी जनअधिकार फोरमका सञ्जय साह ‘टक्ला’ सँग हारे ।

रामवरण यादव राष्ट्रपति भएपछि २०६५ मा धनुषाको ५ नम्बर क्षेत्रमा उपनिर्वाचन भयो । क्षेत्र बदलेर आएका महासेठले चुनाव जिते । २०७० सालको संविधानसभा चुनावमा त्यही क्षेत्रबाट रामवरणका छोरा चन्द्रमोहन यादव प्रतिस्पर्धामा उत्रिएपछि रघुवीरका लागि त्यो चुनाव सुखद रहेन ।

२०७४ साल यता भने उनी लगातार विजयी छन् । प्रतिनिधिसभा चुनावको यो भूगोलमा २०६४ सालपछिका सबै चुनावमा एमाले र कांग्रेसबीच जित र हारको इतिहास छ । त्यसैले दुवैले यहाँबाट आफूहरूले जित निकाल्ने दाबी गरिरहेका छन् ।रघुवीर महासेठले जितका लागि यस पटक पनि विगतका आफ्ना कामहरू देखाउने गरेका छन् ।तर, उनलाई यहाँ क्षेत्रका एक सांसदको रूपमा मात्र हेरिँदैन। उनी पार्टीको माथिल्लो तहमा भएकाले सबै गतिविधिहरूप्रति पनि जवाफदेही छन्। त्यसैले मधेशमा एमाले माथि उठेका प्रश्नहरूको जवाफ पनि उनले दिनुपरिरहेको छ ।

यस पटक उनले झेल्नुपरिरहेको मुख्य प्रश्न हो- गत कात्तिक महिनामा मधेश सरकार बदल्ने एमालेको अपरिपक्व निर्णय। जसका कारण एमाले निकै ठूलो रक्षात्मक अवस्थामा छ ।

२०७९ को चुनावबाट मधेशमा पहिलो दल बनेको एमालेले सरकार निर्माणको कच्चा खेल खेल्दा मधेश प्रदेशमा एकै पटक तीनवटा पद (प्रदेश प्रमुख, मुख्यमन्त्री र सभामुख) गुमायो । त्यति मात्र होइन, कांग्रेससँगको सत्ता गठबन्धन पनि टुट्यो र प्रतिपक्षी बेन्चमा पुग्यो ।

एमालेबाट प्रदेश प्रमुख बनेकी सुमित्रा भण्डारीले एउटा होटलमा लगेर सरोजकुमार यादवलाई मुख्यमन्त्री बनाइन् र शपथ गराइन् । मधेश प्रदेशको इज्जतै जाने गरी भएको उक्त घटनाको ठूलो राजनीतिक आलोचना छ ।

यो कुरा महासेठले पनि राम्ररी बुझेका छन्। त्यसैले उनी अहिले मधेशमा सरकार बदल्ने पार्टीको निर्णय गलत भएको बताइरहेका छन् ।

‘मधेशमा सरकार बदल्ने हाम्रो प्रयास अपरिपक्व हो। हामीले त्यसो गर्नु हुँदैनथ्यो,’ महासेठले अनलाइनखबरसँगको अन्तर्वार्तामा भने ।मधेशमा नेताहरूले दिने अभिव्यक्तिको असर छिटो पर्छ। त्यसमा पनि एमाले अध्यक्ष केपी शर्मा ओलीका गतिविधि र विचार अभिव्यक्तिहरूलाई सूक्ष्म ढङ्गले नियाल्ने जमात मधेशमा छ ।

झापाको चुनावी अभियानका क्रममा केही साताअघि ओलीले बालेन शाहलाई लक्षित गर्दै दिएको ‘गुइँठा’ को अभिव्यक्तिको जवाफ पनि दिनुपरिरहेको छ ।पूर्वदेखि पश्चिमसम्मकै मधेशमा अहिले पनि गुइँठा जलाएर चुल्हो बाल्ने नागरिकहरू धेरै छन् ।मधेशका भित्री बस्तीहरूमा हिउँद गुइँठा बनाउने समय हो । हिउँदमा जति धेरै गुइँठा बनाएर राख्यो त्यति बर्खामा चुल्हो जलाउन सकिन्छ ।

अधिकांश किसानहरूका घर बाहिर अहिले सुकाइरहेका गुइँठाका थुप्राहरू छन् । गुइँठा बाल्नेहरू पनि सूचनाबाट चाहिँ अनभिज्ञ छैनन्, किनकि सामाजिक सञ्जालको प्रभाव घरघरमा छ । त्यसैले चुनावका बेला अध्यक्षले दिएको अभिव्यक्ति भाइरल भएपछि त्यसको जवाफ एमाले नेताहरूले यहाँ दिनुपरेको छ ।

जनस्तरमा छिनछिनमा पर्ने मनोवैज्ञानिक असरको व्यवस्थापन गर्नुपर्ने चुनौतीबीच महासेठ चुनाव लडिरहेका छन् ।महासेठ विगतमा उपप्रधानमन्त्री तथा परराष्ट्र मन्त्री पनि भए। एमालेको विदेश विभाग प्रमुख पनि बने । त्यसैले उनी स्थानीयको मात्र कुरा गरिरहेका छैनन्, यो चुनावलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय दृष्टिकोणबाट पनि विश्लेषण गरिरहेका छन् ।भदौ २३ र २४ गतेको जेनजी आन्दोलनलाई एमालेले हेर्ने दृष्टिकोणकै निरन्तरतामा उनी छन् । उनी भन्छन्, ‘यो मुलुकलाई कहाँ लगिँदै छ ? के गर्न खोजिँदै छ ? यो कुरा ख्याल गरेर पनि जनताले निर्णय गर्नुपर्छ ।’

जेनजी आन्दोलनपछि राजनीति दुई ध्रुवमा विभाजित छ । नयाँ र युवा मतदाताको मनोविज्ञान फरक बनेको छ । यही मनोविज्ञानलाई आफ्नो भोटको रूपमा क्यास गर्ने गरी नयाँ राजनीतिक शक्तिहरू आइरहेका बेला त्योभन्दा फरक आफूहरू कसरी हुने भन्ने चुनौती चाहिँ महासेठ र यादव दुवैलाई छ ।

पछिल्लो समय जेनजी पुस्ताले उठाएको नयाँ र पुरानो भन्ने भाष्यलाई चिर्दै यी उम्मेदवार अघि बढ्नुपर्ने चुनौती छ ।मधेश मुद्दा त अहिले सार्वजनिक विमर्शको केन्द्रमा छैन, तर मधेशको मनोदशा भने अझै अस्थिर छ ।

मधेश आन्दोलनले एक दशकअघि बनाएको भावनात्मक ऊर्जा अहिले शिथिल छ । संघीयता कार्यान्वयनको जटिलता, पहिचानको प्रश्न, नागरिकता र प्रतिनिधित्वका मुद्दाभन्दा अरू विषयहरू अहिले हाबी छन् ।

धनुषा-४ मा कांग्रेस र एमालेको प्रतिस्पर्धा केवल मतको गणित होइन, सङ्गठन र सत्ताको मनोविज्ञानको टकराव पनि हो । त्यसैले तेस्रो पटकको महासेठ र यादवको यो भिडन्तले इतिहास दोहोऱ्याउँछ कि मोडिन्छ ? फागुन २१ ले टुंगो लगाउने छ ।

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नसिङ कलेज भएको महोत्तीको एकमात्र अस्पताल

- २४ सं घण्टा इमर्जेन्सी सेवा
- ICU,NICU,PICU सेवा
- EndosocopyDiode Laser सेवा
- विभिन्न विभागहरुका विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- Laproscopy सेवा
- X-Ray, USG, CT Scan सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- 247 Ambulance सेवा




SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनोरोड बर्दिबास, महोत्तरी
०४४-५५२५५,९८१२०१८०१०

# चुनाव प्रचारमा 'रुफटप भेहिकल' प्रयोग गर्न नदिने निर्णय

टक नेपाल

निर्वाचन प्रचारमा जाँदा उम्मेदवारहरुले छत खोलेर हिँडन मिल्ने 'रुफटप भेहिकल' प्रयोग गरेको बारेमा केन्द्रिय सुरुक्षा समितिमा छलफल भएको छ।

बिहीबार सिंहदरबारमा बसेको सुरक्षा समितिको बैठकले त्यस्ता गाडी प्रयोगमा रोक लगाउने निर्णय गरेको छ। उम्मेदवारहरुको सुरक्षालाई ध्यान दिएर त्यस्ता भेहिकल(गाडी) प्रयोगमा रोक लगाउने निर्णय गरिएको गृह मन्त्रालयका प्रवक्ता (सहसचिव) आनन्द काफ्लेले रातो पाटीलाई बताए।

गृहमन्त्री ओमप्रकाश अर्यालको अध्यक्षतामा बसेको बैठमा गृह मन्त्रालयका सचिव राजकुमार श्रेष्ठ, आईजीपी दान बहादुर कार्की, सशस्त्र प्रहरी बलका आईजी राजु अर्याल, राष्ट्रिय अनुसन्धान विभागका प्रमुख, सेनाका प्रतिनिधी र सहसचिव आनन्द काफ्ले सहभागी थिए।

प्रदेश सुरक्षा समिति र जिल्ला सुरक्षा समितिका अधिकारीहरु पनि बैठकमा भर्चुअल माध्यमबाट सहभागी भएका थिए। अहिले देशभर छत खुल्ला भएको गाडीबाट उम्मेदवारहरुले भोट माग्ने प्रचलन बढ्दो छ। सह सचिव काफ्लेले भने, 'उम्मेदवारलाई सुरक्षा खतरा हुने निष्कर्ष निकाल्दै त्यस्ता भेहिकल प्रयोग गर्न निरुत्साहित गर्ने निर्णय गरिएको हो।'

बैठकले फागुन २१ मा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनबारे अहिलेसम्मको गतिविधि र तयारीबारे छलफल गरेको छ। तयारी राम्रो रहेको निष्कर्ष निकल्दै तयारीलाई थप सुदृढ बनाउने निर्णय गरिएको छ।

निर्वाचनमा तटस्थता र निस्पक्षता अपनाउन कर्मचारी खटन पटनमा नै सचेत हुनेबारे छफल भएको छ। उनले भने, 'कर्मचारीका कारण दण्डहिनता हुन नदिने निर्णय गरेका छौं।'

केन्द्रिय सुरक्षा समितिले निर्वाचन अवधिभर जिल्ला सुरक्षा समितकौ बैठक दैनि बस्न निर्देशन दिएको छ। त्यस्तै सुरक्षा निकायहरुले संयुक्त पट्रोलिङलाई बढाउनुपर्ने निष्कर्ष निकालिएको छ।







जनहितमा जारी

- बिना अनुमति बोङि नगनुहोस्।
- भूमिगत जलस्रोतको अनियन्त्रित दोहनले वातावणीय संकट निम्त्याउँछ।
- जलस्रोतको वज्ञानिक दिगो प्रयोगमा जोड दिनुहोस्।
- खेती प्रणालीमा आधुनिक सिचाइ प्रविधि (जस्तः ड्रिप, स्प्रिंकल) अपनाआ।
- सम्बन्धित कायालयबाट सिचाइका लागि अनुमतिपत्र अनिवाय रूपमा लिनुहोस्।
- गहिो बोङि गदा भूगभीय अध्ययन सल्लाह लिनुहोस्।
- अनियन्त्रित बोङिले जमिन भासिने वा पानी सुक्ने समस्या आउन सक्छ।
- सावजनिक तथा सामुदायिक जलस्रोत संक्षणमा सामूहिक पहल गां।
- बेमासमी खेती तथा बहुवषीय बालीका लागि पानीको समुचित व्यवस्थापन गां।
- पानीको सिइकल पुन:प्रयोग प्रविधि प्रयोगमा ल्याआं।
- कषकहरूलाइ सिचाइ सम्बन्धी नियमित तालिम जानकीमा सहभागी गाआं।
- जलस्रोत प्रयोगमा लंगिक समानता समावेशीतालाइ सुनिश्चित गां।
- 'जल छ भने जीवन छ' भन्ने कुलाइ व्यवहामा उतां।



सोनमा गाउँपालिका,महोत्तरी

# रास्वपा र कांग्रेसको चेपुवामा मधेस केन्द्रित दल, चर्चा न उत्साह



टक नेपाल

२०६४ सालदेखि हरेक निर्वाचनमा चर्चामा रहँदै आएका मधेस केन्द्रित दल र तिनका नेताहरू यसपटक भने छायामा परेका छन्। उनीहरूको अवस्था हेर्दा यस्तो लाग्छ-रास्वपा र नेपाली कांग्रेसको चेपुवामा उनीहरू परेका छन्।

कांग्रेसले आफ्ना सभापति गगन थापालाई र रास्वपाले बालेन्द्र शाहलाई प्रधानमन्त्रीका रूपमा अघि सारेर मधेसमा निकै ठुलो प्रभाव जमाइरहेको छ। थापा र शाह दुवै तराई भूगोलबाटै यसपटक चुनावमा होमिएका छन्।

मधेस आन्दोलनबाट उदाएका दलहरू भने यतिबेला ओझेलमा परेका छन्। पहिलो संविधानसभा निर्वाचन, २०६४ मा उपेन्द्र यादव मोरङ र सुनसरी गरी दुई ठाउँबाट निर्वाचित भएका थिए। उनको पार्टी मधेसी जनअधिकार फोरम मधेसको पहिलो शक्ति र समग्रमा चौथो बनेको थियो, ऊ झन्डै नेकपा एमालेजत्रै थियो।

हाल राष्ट्रिय मुक्ति पार्टी नेपालका अध्यक्ष रहेका राजेन्द्र महतोले सर्लाहीबाट जितेका थिए। तत्कालीन सद्भावना पार्टीमा थिए महतो। महन्थ ठाकुरले सर्लाही निर्वाचन क्षेत्र नम्बर ६ बाट चुनाव हारे पनि उनलाई मनोनित गरी संविधानसभासम्म लगिएको थियो।

यसैगरी जेपी गुप्ता (सप्तरी), विजयकुमार गच्छदार (सुनसरी), शरतसिंह भण्डारी (महोत्तरी), अनिल झा (रौतहट), लक्ष्मणलाल कर्ण (पर्सा), रेणु यादव (सप्तरी) र राजकिशोर यादवले सिरहाबाट जितेका थिए। मधेस आन्दोलनको लहरका कारण उनीहरूले सजिलै चुनाव जितेका थिए।

तर दोस्रो संविधानसभासम्म आइपुग्दा यीमध्ये धेरैले चुनाव हारे। शरतसिंह, अनिल, राजकिशोरलगायत नेताहरू जनताबाट अनुमोदित हुन सकेनन्। परिणामतः २०७० सालको मधेसवादी दलका लागि सुखद् रहेन।

२०७९ सालको प्रतिनिधिसभा निर्वाचनमा त मधेसलाई केन्द्र बनाएर राजनीति गरिरहेका दल तथा तिनका नेताहरूको चुनावी हालत बिजोग नै भयो। अधिकांश चर्चित नेताहरू पराजित भए।

२०७४ सालको निर्वाचनअघि भने मधेसवादी दलका नेताहरूले संविधान संशोधनको माग राख्दै आन्दोलनमा उत्रिएका थिए। संविधान संशोधन नभएसम्म चुनावमा भाग नलिने घोषणा गरे पनि उनीहरू पछि गले।

उपेन्द्रले सप्तरी-२ बाट चुनाव जिते भने राजेन्द्रले धनुषा-३ बाट। दुई पटक लगातार चुनाव हारेका महन्थ ठाकुर पनि २०७४ को चुनावमा महोत्तरीबाट प्रतिनिधिसभाका लागि चुनिए।

मधेसकेन्द्रित दलका हरेक शीर्षस्थ प्रायः नेताहरूले २०७४ को निर्वाचनमा सुखद परिणाम निकाल्न सके। सर्लाही छाडेर धनुषाबाट चुनाव जितेका राजेन्द्र महतोको त्यो बेला निकै चर्चा थियो, उनले कांग्रेसका नेता विमलेन्द्र निधिलाई पराजित गरेका थिए।

२०७९ को निर्वाचनमा भने मधेसमा डा.सीके राउत नेतृत्वको जनमत पार्टीले पनि भाग लिएको थियो। सप्तरी-२ मा राउत र उपेन्द्र यादव भिडेका थिए, उपेन्द्रको हारले उक्त समयमा निकै चर्चा पाएको थियो।

तर उपेन्द्रले बारा-२ बाट चुनाव जितेका आफ्ना पार्टीका नेता रामसहाय यादवलाई उपराष्ट्रपति बनाएर उपनिर्वाचन गराए र चुनाव जिते।

सर्लाही-२ मा भने राजेन्द्र र तत्कालीन माओवादी केन्द्रका महेन्द्र राय यादवबिच प्रतिस्पर्धा भएको थियो, राजेन्द्रले उक्त चुनाव हारे। उनीहरू फागुन २१ गते हुने निर्वाचनमा पनि यहींबाट भिड्दै छन्, तर उनीहरूको कुनै चर्चा छैन।

राजेन्द्रको मात्र होइन, सप्तरी-२ बा उम्मेदवार बनेका जनमतका अध्यक्ष राउत र सप्तरी-३ बाट उठेका उपेन्द्रको पनि खासै चर्चा छैन।

नेपाल सद्भावना पार्टीका अध्यक्ष अनिलकुमार झा यसपटक नेपाली कांग्रेसबाट रौतहट-१ का उम्मेदवार हुन्, उनी पनि छायामै परेका छन्।

मधेसवादी दल र नेताहरूको किन छैन चर्चा ?

मधेसवादी दलहरूले आफूलाई रुपान्तरण नगरेकै कारण यो अवस्था आएको बताउँछन् जनकपुरका प्राध्यापक एवं राजनीतिक विश्लेषक भोगेन्द्र झा। 'रास्वपा नयाँ नै भयो, त्यत्रो पुरानो पार्टी कांग्रेस रुपान्तरण भएर आयो तर मधेसवादी दलले आफूलाई कुनै रुपान्तरण गर्न सकेन,' झा भन्छन्, 'त्यसैले ओझेलमा परे।'

मधेसवादी दलहरू पुरानै मुद्दा, पुरानै सोच र पुरानै व्यक्ति बोकेर चुनावमा होमिएका उनको बुझाइ छ। '२०६४-६५ मा उठाएका मुद्दा पनि जस्ताको त्यस्तै छ, अहिले पनि उठाइरहेका छन्,' झा बताउँछन्, 'मुद्दा उठाउने शैली पनि पुरानै छ, त्यही भएर ती दलहरू ओझेलमा छन्।'

जनताले परिवर्तन चाहेका तर मधेसकेन्द्रित दलहरूमा कुनै परिवर्तन नदेखिएको उनको भनाइ छ। यद्यपि रास्वपा र कांग्रेसलाई टक्कर दिने क्षमता भने मधेसकेन्द्रित दलमा मात्रै भएको उनले देखेका छन्। 'जेनजी आन्दोलनपछि मधेसवादी दलहरूले आफूमा अलिकति मात्र परिवर्तन गरेको भए मधेसमा रास्वपा तथा कांग्रेसको यो खालको चर्चा हुने थिएन,' उनी बताउँछन्।

यस्तै मधेस प्रदेशका नीति तथा योजना आयोगका उपाध्यक्ष एवं समाजिक अनुसन्धानकर्ता सोहन साह पनि मधेसवादी दलमा कुनै परिवर्तन नआएको देख्छन्। ओझेलमा पर्नुको कारण पनि यही भएको उनको भनाइ छ। '२०६२-०६३ मा जुन अनुहार मधेस राजनीतिमा आए, त्यही अहिलेसम्म छ,' साह भन्छन्, 'यतिका दिन भइसक्दा पार्टीमा नेतृत्व विकास भएन, नेता बनाएनन्, त्यसले दलहरूप्रति आकर्षण कम भएको हो।'

विगतमा गरेका गल्तीप्रति मधेसवादी दलहरूले कुनै सुधार नगरेका कारण यस्तो भएको उनी बताउँछन्। 'कांग्रेस परिवर्तन भएर आएपछि ऊप्रति आकर्षण बढेको छ, तर मधेसवादी दल यथास्थितिमै रह्यो,' उनी थप्छन्।

बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, अध्यक्ष निर्देशकः ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014